# न्यायिक समितिको प्रतिवेदन-२०८१

**मितिः २०८१/०५/१६**

**सम्मानित १४ औं नगरसभाका श्रद्वेय सभाध्यक्ष महोदय,**
**एवं उपस्थित सम्पुर्ण नगरसभा सदस्य ज्यूहरुमा नमस्कार, अभिवादन।**

राप्ती नगरपालिकाको यस सम्मानित र गरिमामय चौधौं नगरसभामा आ.व.२०८०/०८१ मा न्यायिक समितिद्वारा सम्पादन गरेका काम कारवाहीको विवरण सहितको प्रतिवेदन प्रस्तुत गर्न पाउँदा म सम्मानित सभा समक्ष खुसी व्यक्त गर्दछु।

माननिय सभा सदस्य ज्यूहरु स्थानिय स्तरमा न्याय सम्पादन गर्ने उद्वेश्यले नेपालमा सामान्य अभ्यास प्राचिन कालदेखी नै रहेको भएता पनी नेपालको संविधान २०७२ ले स्थानिय तहलाई न्यायिक अधिकार संवैधानिक रुपमा नै प्रत्याभुति र संस्थागत गरेको छ।कानुन बमोजिम मुद्धा हेर्न स्थानिय स्तरमा न्याय निरुपन र विवाद समाधानका वैकल्पिक उपाय अवलम्बन गर्न सक्ने गरी नेपालको संविधान २०७२, भाग१७ को धारा २१७ मा न्यायिक समिति सम्बन्धि व्यवस्था रहेको छ।

संवैधानिक कानूनि व्यवस्था बमोजिम स्थानीय न्यायिक समितिले सर्वसाधरणको दैनिक जीवन सँग सरोकार हुने केही विवादहरु निर्णयको माध्यम बाट र अधिकाशं विवादहरुमा मेलमिलापको माध्यम बाट समाधान गर्नु पर्ने हुन्छ।न्याय निरुपण सम्बन्धि कार्य विशिष्ठ प्रकृतिको कार्य हो। यसका आफ्नै मूलभुत सिद्वान्त र आधारभूत मूल्य मान्यताहरु छन्।न्यायीक समितिले विवाद समाधान गर्दा ती आधारभूत मूल्य मान्यताको अवलम्बन गर्नुपर्ने हुन्छ र गर्दै पनी आइरहेका छौं।

स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ४७(१) मा न्यायिक समितिलाई विवादको निरुपन गर्न १३ वटा क्षेत्रहरु तथा सोही ऐन को दफा ४७(२) मा मेलमिलापको माध्यमबाट विवाद समाधान गर्न ११ वटा क्षेत्रहरु तोकिए बमोजिम अधिकार क्षेत्र भित्रका विवादहरु न्यायिक समिति तथा समिति मातहतका नगर र वडा मेलमिलाप केन्द्र मार्फत राप्ती नगरबासीलाई छिटो छरितो सरल, सहज, बिना खर्च र निश्पक्ष ढंगबाट न्याय सम्पादन गर्दै आएको व्यहोरा म यस गरिमामय सभा समक्ष अवगत गराउँदछु। हामिले सामुदायीक मुल्य मान्यता वा सामाजिक सौहार्द्रतालाई सुदृढ तुल्याई राख्न मेलमिलाप वा मिलापत्र द्वारा विवाद समाधान गर्न अधिकतम प्रयत्न गर्ने गरेका छौं। न्यायीक समिति स्थानीय विवाद समाधान गर्न बनेको सामुदायीक न्यायीक संरचना हो। पीडित पक्षलाई सहयोग, संरक्षण र पुर्नस्थापना गर्न विशेष जोड दिदै मेलमिलाप पद्दति बाट निजलाई पर्न गएको शारीरिक, मानसिक वा भौतिक क्षति वा हानी नोक्सानिको परिपुरण गर्ने गराउने र क्षतिपुर्ति दिलाउने कुरामा उच्चतम जोड दिँदै आएका छौं।कुनैपनी विवाद समाधान गर्दा निष्पक्ष, पारदर्शी र प्रभावकारी ढङ्गले गर्नु पर्दछ, जसका लागी सरोकार वालाहरुको सहयोग,उचित संवाद तथा समन्वय गर्नु महत्वपुर्ण हुने गर्दछ।

माननिय सभा सदस्य ज्यूहरु न्यायिक समिति समक्ष परेको विवादमा समितिले प्रारम्भिक जाँचबुझ

गरी उचित देखिएमा वा आवश्यक ठहरिएमा प्रतिवादीको नाममा रहेको कुनै बैंक, कम्पनी या वित्तिय संस्थामा रहेको खाता, निक्षेप वा प्रतिवादीको हकभोगको कुनै अचल सम्पत्ति रोक्का गर्न तथा फकुवा गर्न सक्ने त्यसैगरी पति पत्नी, नाबालक छोराछोरी वा ज्येष्ठ नागरिक को संरक्षण सम्वन्धि विवादमा पीडित पक्ष, निजको नाबालक सन्तान वा निजसंग आश्रीत अन्य कुनै व्यक्तिको हितको लागी न्यायिक समितिले अन्तरिम संरक्षणात्मक आदेश समेत दिन सक्ने व्यबस्था ऐनमा प्रष्ट रहेको जानकारी यस सम्मानित नगर सभामा गराउँदै अब म यस आ.व. २०८०/०८१ मा न्यायिक समितिले गरेका कार्यहरुको प्रगती विवरण प्रस्तुत गर्न गइरहेको छु।

| क्र.स. | दर्ता भएका विवादको फछ्र्यौटको अवस्था | जम्मा |
|---|---|---|
| १ | जम्मा दर्ता विवाद सङ्ख्या | ३२ |
| २ | मेलमिलाप भएको | २३ |
| ३ | निर्णय गरिएको | ३ |
| ४ | प्रक्रियामा रहेको | ९ |
| ५ | अदालत सिफारिस गरिएको | - |
| ६ | तामेलिमा राखिएको | १ |

राप्ती नगरपालिका न्यायिक समितिमा आ.व.२०८०/०८१ मा दर्ता भई फछ्र्यौट भएका मुद्धाहरु यस प्रकार रहेका छन्।

**विवादका प्रकारहरुः**

- ☐ जग्गा साँध सिमाना, बाटो, कुलो नाला सम्बन्धमा = १६
- ☐ लेनदेन विवाद सम्बन्धमा = ६
- ☐ श्रीमान श्रीमती तथा घरायसी विवाद (अशं,माना चामल) सम्बन्धमा = ४
- ☐ तलव,ज्याला मजदुरी विवाद सम्बन्धमा = १
- ☐ अन्य = ५
- ☐ जम्मा =३२

त्यसैगरी मेलमिलापतर्फ नगर र वडामा गरी जम्मा २४५ वटा निवेदन परेकोमा, १८७ वटा उजुरीहरुको मेलमिलापको माध्यमबाट समाधान गरीएको छ भने ५८ वटा निवेदन हाल छलफल कै क्रममा रहेको र टुङ्गिन बाँकी रहेको व्यहोरा यस सम्मानित सभा समक्ष जानकारी गराउँदछु।

धन्यवाद।

प्रस्तुतकर्ता

**देवेन्द्र लामा (संयोजक)**

न्यायिक समिति राप्ती नगरपालिका।